# गलातीहरूको पत्रमा सुसमाचार
## (The Gospel in Galatians)

लेखकः
कार्ल पी. कोजार्ट

भावानुवादक:
भजुराम तखाछेँ श्रेष्ठ
(Translator: Bhaju Ram Takhachen Shrestha)

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च

ई.सन् २०१७ (बि.सं. २०७४)

ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**
**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टाइन**

प्रथम संस्करण : २०७४ (ई.सं. २०१७)

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२
**bhajupurna@gmail.com**
(आन्तरीक प्रयोगको निम्ति मात्र)

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उदृध गरिएका छन्। उक्त संस्थाको अनुमतीले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उदृध गरिएका छन्।

# भूमिका
## मार्टिन लुथर र गलातीहरूलाई लेखेको पुस्तक

(पाँच सय वर्ष अघि प्रायजसो सबै इसाईहरूद्वारा रोमन क्याथोलिक चर्च अन्तर्गत रहन अपेक्षा गरिएको थियो। रोमन क्याथोलिक चर्चले पोपलाई धर्मपिताका नाउँमा सम्बोधन गर्छन् र उनीसँगमात्र मानिसलाई स्वर्ग वा नर्कमा पठाउने साँचो छ भनेर रोमन क्याथोलिक चर्चले दावी गर्छन्। उनको मातहतमा नबस्ने र बाइबलमा मात्र विश्वास गरेर जिउन चाहने लाखौं लाख मानिसहरूलाई "क्रिश्चियन धर्म"कै नाउँमा रोमन क्याथोलिक चर्चले अनेकन यातना दिएर नरहत्या गरेको थियो। पन्ध्रौं शताब्दीमा ती क्याथोलिक चर्चकै सम्माननीय फादर वा धर्मगुरू मार्टिन लुथरको उदय भयो। उनले एकदिन पोपको सामु लामो सिँढीमा घुँडा टेक्दै दर्शन गर्न जाने क्रममा "धर्मी विश्वासले मात्र जिउँछ" भन्ने बाइबलको पद उनको दिमागमा चट्याङ्ग परेझैं बज्रियो र सिँढीबाट तुरन्तै ओर्लेर हजार वर्षसम्म पश्चिमी इसाई धार्मिक र राजनैतिक क्षेत्रमा बाहुल्यता भएको रोमन क्याथोलिक चर्चलाई चुनौति दिँदै आफू बाइबलको शिक्षादीक्षा बाहेक कुनै व्यक्ति विशेषलाई भगवान मानेर नझुक्ने प्रण गरे। पवित्र आत्माको अगुवाईले तिनले निर्णायक वा अत्यन्त महत्त्वपूर्ण बाइबलमा लुकाई राखिएका सत्यहरूलाई आफ्नो ज्यानको बाजी लगाएरै भएपनि मानिसहरू सामु प्रस्तुत गरे। सयौं वर्षसम्म बाइबललाई सर्वसाधारण मानिसहरूले पढ्नुहुन्न भनेर अनेकौं अन्धविश्वास र परम्पराहरूले बादलले ढाके जस्तै ढाकिराखेका थिए। तर मार्टिन लुथरको कदमले लाखौं इसाईहरूको आँखा खोल्ने अवसर पायो र क्याथोलिक चर्चसँग अलगिए। उनको कदमलाई स्वागत गर्ने इसाई विश्वासीहरूलाई सुधारवादी वा प्रोटेस्टेन्ट भनिन्छ जुन् दुर्भाग्यबस लाखौं सम्प्रदायहरूमा टुक्रिएका छन्)।

पाँचसय वर्ष अघि सुरूभएको प्रोटेस्टेन्ट सुधारवादी आन्दोलन (प्रोटेस्टेन्ट रिफोरमेशन)को वार्षिक उत्सब सुधारवादी इसाईहरूले छिट्टै मनाउँदैछन्। केवल पाँचसय वर्ष अघि सुरूभएको विश्वव्यापी इसाई प्रोटेस्टेन्ट वा सुधारवादीबादको जरा करिब उन्नाइस सय वर्ष अघि येशूका ज्वालामूखि जस्तो भएर निस्केका विद्वान भक्त पावलले लेखेका गलातीहरूलाई (र रोमीहरूलाई)को पत्रमै थियो भन्ने कुरामा कसैको दुईमत छैन भन्न सकिन्छ। गलातीहरूलाई लेखेको पत्र पढिरहँदा नै विश्वासद्वारामात्रै धर्मी भइन्छ भन्ने अत्यन्त महिमित सुसमाचार

मार्टिन लुथरले पत्ता लगाएका थिए। त्यस आत्मज्ञानले मार्टिन लुथरको हृदय भित्रसम्मै छोएको थियो। त्यो महान् आत्मज्ञानले इसाई जगतमा आगोजस्तो सल्केको थियो जसको उपज प्रोटेस्टेन्ट सुधारवादी आन्दोलन थियो। त्यस महान् आत्मज्ञानको सत्यले येशूका विश्वासीहरूलाई शताब्दीयौंसम्म गलत धार्मिक ज्ञान र रोमन क्याथोलिक चर्चप्रणालीको कब्जामा राख्ने प्रवृत्तिबाट स्वतन्त्र भएका थिए। गलातीहरूलाई पावलले लेखेका पत्र पढेपछि पोपको कठ्ठर भक्त र धर्मगुरू मार्टिन लुथरको धार्मिक विश्वासमा आमुल परिवर्तन आएको थियो। उनले गर्दा इसाई संसारले काँचुली फेरेको थियो अर्थात् इसाई यथास्थितिवादमा परिवर्तन आएको थियो।

लुथरको उदय भएको शताब्दियौंपछि प्रोटेस्टेन्ट सुधारवादभित्रबाट उदय भएको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका विश्वासीहरू पनि गलातीहरूलाई पावलले लेखेको पत्रप्रति आभारि छन्। गलातीहरूकै पुस्तक पढेर सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका हस्तीहरू इ.जे. वागनर र ए.टी जोन्सले सन् १८८० र ९०को दशकमा धर्मीहरू विश्वासद्वारामात्रै जिउँछन् भन्ने सत्य आत्मज्ञानलाई सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले पुनः पत्ता लगाउन सहयोग गरेका थिए।

गलातीको पुस्तकमा के छ जसले गर्दा इसाई सुधारवादी वा प्रोटेस्टेन्ट रिफोरमेशनको मेरुदण्ड हुन पुग्यो? मार्टिन लुथरलाई जस्तै हजारौं येशूभक्तहरूका हृदयहरूमा छुन सक्ने आत्मिक तत्व त्यस पुस्तकमा के छ ? बाइबलका अरू पुस्तकहरूमा जस्तै गलातीहरूलाई लेखेको पुस्तकमा धेरै निर्णायक विषयबस्तुहरूलाई सम्बोधन गरिएको छ जुन पचाउन सकेमा प्रत्येक येशूभक्तलाई येशूको कर्मठ अनुयायी बनाउन सक्छ। इसाईहरूले बुझ्न गाऱ्हो मानिएका अनेकौं जल्दोबल्दो विषयबस्तुहरूलाई पावलले गलातीहरूलाई लेखिएको पुस्तकबाट सुल्झाउन खोजिएको पाइन्छ। ती केही विषयबस्तुमाः सही स्वतन्त्र भनेको के हो अर्थात् पापबाट स्वतन्त्र हुनुभनेको के हो? मुक्तिको अवधारणामा दश आज्ञा र विधिविधानहरूको भूमिका के हो? हामीले येशूलाई विश्वास गरेपछि हामीहरूको अवस्था वा चरित्र कस्तो हुनुपर्छ? पवित्र आत्माले अगुवाइ गरेको येशूभक्तको स्वभाव कस्तो हुन्छ र युगौंसम्म सोधिरहेको प्रश्न पापी तथा अधर्मी मानिस पवित्र र न्यायी परमेश्वरको सामु कसरी धर्मी तथा निर्दोष ठहरिन सक्छ? आदि। उपर्युक्त प्रश्न र अरू प्रश्नहरूले गर्दा मार्टिन लुथरलाई यस्तो बाटोमा उभ्याइदियो कि उनी कहिल्यै पनि पछाडि फर्केनन्।

बाइबल पढ्ने विद्यार्थीहरूलाई उपरोक्त जिज्ञासाहरूलाई पावलद्वारा रोमीहरूलाई जस्तै अरू पत्रहरूमा पनि सम्बोधन नगरिएको त होइन, तर गलातीको पुस्तक अरूभन्दा फरक छ। यो पुस्तक छोटो र स्पष्ट छ। उचित, आध्यात्मिक, अर्थपूर्ण जीवन बिताउन सम्वोधन गरिएका बिभिन्न अत्यावश्यक तथा समसामयिक विषय वस्तुहरूलाई अत्यन्त शक्तिशाली तथा मानिसको हृदयलाई छुने लेखन शैलीमा यो पुस्तक लेखिएको छ। यो पुस्तक पढ्दा आज पनि मानिसको हृदयले परमेश्वरको आत्मालाई खोज्न राजी भएको हामी पाउँछौं।

पावलको यो पत्रले सामूहिक रूपमा मात्र नभएर प्रत्येक पाठकलाई व्यक्तिगत रूपमा आफ्नै लागि बोलिएको झैं अनुभव हुन्छ। यदि यो पत्र कोर्न ऐतिहासिक पृष्ठभूमिको बारेमा ज्ञान भयो भने यसलाई झन गहिरो गरि बुझ्न सक्दछौं।

पावलले सुरूमा लेखेका विभिन्न पत्रहरूमा यो पत्र पहिलो पत्र हुनसक्दछ भनेर बाइबलका धेरै विद्वानहरूले विश्वास गर्दछन्। यो पत्र प्रख्यात येरुसलेमको सभा (प्रेरित १५) पछि सन् ४९मा लेखिएको हुनसक्छ। इसाई पत्रमा यो सबभन्दा पुरानो हुनसक्दछ। प्रेरितको पुस्तक र यस गलातीको पुस्तकले औंल्याए अनुसार घमासान वाकयुद्धको बीचमा चर्च स्थापना भएको थियो। त्यसको मूल विषय थियो गैर-यहूदीहरूले मुक्तिको सुसमाचार सुन्ने के हक छ? (यहूदीहरूले अन्य जाति तथा गैर-यहूदीहरूलाई म्लेच्छ वा तुच्छ ठान्दथे-गैर यहूदीहरूले केवल येशूलाई मात्र  विश्वास गरेर मुक्ति पाइन्दैन भनेर कतिपय इसाई भएका यहूदीहरूले विरोध गरेका थिए। मोशाले दिएका व्यवस्था )प्रेरित १५:१ (र खतनाको संस्कार पनि गैर-यहूदीहरूले पालन गर्नुपर्छ भनेर तिनीहरूले दावी गरेका थिए। गैर-यहूदीहरूले स्थापना गरेको गलातीको चर्चमा पनि ती यहूदी इसाईहरू पसेर तिनीहरूलाई यहूदीको मूल धारमा ल्याएर ठीक पार्नुपर्छ भन्ने समाचार पावलले थाहा पाउँदा उनी क्रुद्ध भएका थिए। त्यसलाई त्यत्तिक्कै नछोड्ने भनेर पावलले निर्णय गरे। धार्मिक रितिथितिलाई पालन गर्दा मुक्ति पाइन्छ भन्ने झुटो सुसमाचारको सन्देशले येशूको कामको औचित्यलाई समाप्त गर्छ भन्ने कुरा पावललाई थाहा थियो। त्यसकारण येशूको विशुद्ध सुसमाचारको रक्षाको निम्ति उनले गलातीहरूलाई कडा पत्र लेखेका थिए। ती यहूदी इसाईहरूको चुनौति र शिक्षा

झुटा हुन् भनेर सरल र स्पष्ट तर कडा शब्द प्रयोग गरि यो पत्र उनले लेखेका थिए।

गलातीहरूलाई येशू ख्रीष्टमा मात्र सत्यवादी भएर बस्नु भनेर अनुरोध गरि लेखेको पावलको पत्र सँगै पढौं भनेर पाठकवृन्दहरूलाई यस पुस्तकद्वारा हामी हार्दिक निमन्त्रणा गर्दछौं। फेरि त्यसै वखत यस गलातीको पुस्तकले सुसमाचारको आत्मज्ञानमा हामी कत्तिको परिपक्व छौं भनेर जाँच्ने अवसर पनि हामीहरूलाई दिंन्छ। यो पुस्तक पढेपछि परमेश्वरको आत्माले काम गरेर हामीहरूको हृदयमा आध्यात्मिक परिवर्तन आउन् र येशूमा परमेश्वरले हाम्रो निम्ति के काम गर्नुभयो भन्ने ज्ञान पत्ता लगाउन सहयोग गरुन् भन्ने हाम्रो हार्दिक आशा छ।

*बाइबलको विद्वान* कार्ल *कोजार्ट सेभेन्थ-डे एडभेन्टिस्टले संचालन गरेको वालावाल युनिभर्सिटीको सह-प्राध्यापक हुनुहुन्छ। उहाँले त्यहाँ नयाँ नियम र प्रारम्भिक इसाई इतिहास पढाउनुहुन्छ। यो युनिभर्सिटी अमेरिकाको वाशिङ्गटन राज्यको कलेज प्लेस ,वालावालमा छमा छ।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | पावल | १ |
| २. | पावलको आधिकारिकता र सुसमाचार | २० |
| ३. | सुसमाचारमा एकता | ३२ |
| ४. | परमेश्वरमाथि विश्वास... | ५२ |
| ५. | पुरानो करारमा उल्लेख गरिएको ... | ६९ |
| ६. | प्रतिज्ञाको प्राथमिकता | ८४ |
| ७. | परमेश्‍वरमाथि निष्ठा र विश्‍वासमा... | १०५ |
| ८. | दासत्वको जीवनबाट | ११९ |
| ९. | सुमाचारको शक्तिमा बलियो हुन अगुवा... | १३५ |
| १०. | दुई किसिमका करार | १५३ |
| ११. | प्रभु येशू ख्रीष्टमा स्वतन्त्रता | १७१ |
| १२. | पवित्र आत्माको शक्तिले जिउने | १८५ |
| १३. | सुसमाचार र चर्च | १९९ |
| १४. | क्रुसमा गौरब | २१४ |

# अस्थाई पाना

# अस्थाई पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन अध्ययन असौज २३, २०७४ (सेप्टम्बर २९, २०१७)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असार १०-१६(जुन २४-३०) |
| २ | अध्याय २ | असार १७-२३ (जुलाई १-७) |
| ३ | अध्याय ३ | असार २४-३० (जुलाई ८-१४) |
| ४ | अध्याय ४ | असार ३१-साउन ६ (जुलाई १५-२१) |
| ५ | अध्याय ५ | साउन ७-१३ (जुलाई २२-२८) |
| ६ | अध्याय ६ | साउन १४-२० (जुलाई २९-अगस्ट ४) |
| ७ | अध्याय ७ | साउन २१-२७ (अगस्ट ५-११) |
| ८ | अध्याय ८ | साउन २८-भदौ २ (अगस्ट १२-१८) |
| ९ | अध्याय ९ | भदौ ३–९ (अगस्ट १९-२५) |
| १० | अध्याय १० | भदौ १०-१६ (अगस्ट २६-सेप्टेम्बर १) |
| ११ | अध्याय ११ | भदौ १७-२३ (सेप्टेम्बर २-८) |
| १२ | अध्याय १२ | भदौ २४-३० (सेप्टेम्बर ९-१५) |
| १३ | अध्याय १३ | भदौ ३१- असोज ६ (सेप्टेम्बर १६-२२) |
| १४ | अध्याय १४ | असोज ७-१३ (सेप्टेम्बर २३-२९) |